# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०३।११ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---------------------------------------------------

ललितपुर महानगरपालिकाको कार्यालयमा कार्यरत खरिदार राजेन्द्र नेम्कूलले घरको नियमानुसार लाग्ने कर तिर्ने प्रयोजनका लागि आएका सेवाग्राहीसँग विभिन्न बाहाना बनाइ घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई मध्यस्थकर्ता कृष्ण बोगटी समेतको मिलेमतोमा रु.७०,०००।- (सत्तरी हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.७०,०००।- (सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

साथै मध्यस्थकर्ता कृष्ण बोगटीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसूर गरी मतियारको भूमिका निर्बाह गरेको देखिन आएकोले निजलाई बिगो रु. ७०,०००।- (सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता